मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०५३२

प.सं. कृषि-०७७/७८

## अनुदानमा सञ्चालित कृषि कार्यक्रम सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७७/०५/३१

मन्थली नगरपालिकाको आ.व. ०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कृषि सम्बन्धी कार्यक्रमहरु संचालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीत पूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

| क.सं. | कार्यक्रम | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | विजवृद्धि कार्यक्रम (गहुँ, आलु, मकै, धान) | पटक | १ | बीउमा ५० प्रतिशत अनुदान |
| २ | प्लाष्टिक टनेलको लागि प्लाष्टिक वितरण (६x१० मिटर) | पटक | १ | निशुल्क (संरचना तयार भए पश्चात्) |
| ३ | च्याउ घर निर्माण | पटक | १ | न्यूनतम ५०% लागत साझेदारी, बढीमा रु. १,५०,०००।- |
| ४ | साना सिंचाई (कुलो, लिफ्ट, थोपा, प्लाष्टिक पोखरी) | पटक | १ | न्यूनतम २०% लागत साझेदारी, बढीमा रु. १,५०,०००।- |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता, सूचिकृत/अद्यावधिक प्रमाण-पत्र प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ता प्रमाण-पत्र वा विवरण बुझाएको पत्र ।
३. लेखा परीक्षण प्रतिवेदन ।
४. संस्थागत निर्णयको प्रतिलिपि ।
५. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
६. नागरिकता र जग्गाधनी पूर्जाको प्रतिलिपि ।
७. बिजवृद्धि कार्यक्रमको हकमा माथि उल्लेखित कागजातका अतिरिक्त:-
   क) बालीको जात, परिमाण र कार्यक्रम संचालन हुने क्षेत्रको चक्लाबन्दीको विवरण ।
   ख) गहुँ बालीको लागि न्यूनतम २० रोपनी र अन्य बालीको हकमा न्यनतम ४० रोपनी क्षेत्रफलको चक्लाबन्दी विवरण ।
   ग) कार्यक्रम संचालन गर्न जग्गाधनीहरुले गरेको प्रतिवद्धता ।
८. प्लाष्टिक टनेलको हकमा माथि उल्लेखित कागजातका साथमा समूह, सहकारीले न्यूनतम १० वटा र कृषि फर्मले न्यूनतम ३ वटा प्लाष्टिक घरको लागि माग गर्नु पर्नेछ ।
९. च्याउ घर निर्माणको हकमा माथि उल्लेखित कागजातका साथमा लागत अनुमान र योजनाको विवरण ।
१०. साना सिंचाई कार्यक्रमको हकमा माथि उल्लेखित कागजातका साथमा कार्यालयबाट प्राप्त हुने ढाँचा अनुसारको विवरण र राजस्व शुल्क रु. १००।- तिरेको रसिद ।
११. कुनै पनि संस्थाले २ वटा भन्दा बढी कार्यक्रमको लागि निवेदन दिन पाईने छैन र कार्यक्रम प्राथमिकीकरण गर्नु पर्नेछ ।

थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा वा ९८५६०६३२२० र ९८६१३१८४२८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

दिलुराज पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

Email: ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com Website: www.manthalimun.gov.np